स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सुं.द.नं. ८४५-०७४।७५

वर्ष १२ , अंक ४६ २०८२ असार ९, सोमवार 23 june, 2025 मुल्य रु. १० । jantapatra.com

# चौतारा साँगाचोकगढी नगरपालिकामा पूर्णखोप सुनिश्चितता र दिगोपनाको ऐतिहासिक घोषणा

प्रमिला विक। चौतारा





चौतारा साँगाचोकगढी नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा 'पूर्णखोप सुनिश्चितता र दिगोपना घोषणा कार्यक्रम' मंगलबार भव्य रूपमा सम्पन्न भयो।

"स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता – पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने मूल नारासहित आयोजित उक्त कार्यक्रमको उद्घाटन प्रतिनिधिसभा सदस्य माधव सापकोटाले पानसमा दीप प्रज्वलन गरेर गर्नुभएको थियो।

कार्यक्रममा नगर प्रमुख कृष्णप्रसाद सापकोटा, उपप्रमुख, वडा अध्यक्षहरु, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेवक, र विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो। विशेष समारोहको अवसरमा नगरपालिकाका सबै १४ वडालाई पूर्णखोप सुनिश्चितताको प्रमाणपत्र प्रदान गरियो। साथै, जिल्ला खोप समन्वय समिति सिन्धुपाल्चोकबाट नगरपालिका स्वयंलाई पनि पूर्णखोप सुनिश्चितताको प्रमाणपत्र प्रदान गरियो। प्रतिनिधिसभा सदस्य माधव सापकोटाले खोपलाई सुरक्षित जीवन र समृद्ध भविष्यको आधारको रूपमा चित्रण गर्दै, सुशासन र सामाजिक न्यायको माध्यमबाट समाजवादतर्फ उन्मुख हुनु पर्ने धारणा व्यक्त गरे।प्रमुख जिल्ला अधिकारी किरण थापाले यस्ता कार्यक्रमहरु स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्ने दिशामा एक ठोस कदम भएको उल्लेख गरे। जिल्ला समन्वय समिति अध्यक्ष बालकृष्ण श्रेष्ठले नगरपालिकाले देखाएको प्रतिबद्धता प्रशंसनीय भएको

पेज नं ६ मा

# मेलम्चीमा नयाँ मालपोत कार्यालय स्थापना हुने



जनतापत्र, मेलम्ची

मेलम्ची बजारमा नयाँ मालपोत कार्यालय स्थापना हुने निर्णय भएपछि यहाँका साथै वरपरका तीन गाउँपालिकाका नागरिकहरूले मालपोतसम्बन्धी सेवा घरमै नजिकैबाट पाउने भएका छन्।

भूमि व्यवस्था तथा अभिलेख विभागको निर्णय अनुसार, मेलम्ची नगरपालिकाका सम्पूर्ण वडाहरु, पाँचपोखरी थाङपाल र हेलम्बु गाउँपालिकाका सबै वडाहरु, साथै इन्द्रावती गाउँपालिकाका केही वडाहरु (साविक सिम्पालकाभ्रे, कुन्चोक र भोटसिपा गाविसका वडाहरु बाहेक १, २, ३, ९ र १०) समेटिने गरी कार्यक्षेत्र निर्धारण गरिएको छ। मेलम्ची नगर कार्यपालिका र सम्बन्धित गाउँपालिकाहरूको सहमतिमा अघि बढाइएको यो योजना अन्तर्गत मालपोत कार्यालय सञ्चालनको तयारी तीव्र गतिमा भइरहेको छ। चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख केशव प्रसाद रिजालका अनुसार, आगामी आर्थिक वर्षको साउन महिनाबाट

पेज नं ५

# जनहितमा राखिएको सूचना बोर्ड तोडफोड, चेतनाको विडम्बना



जनतापत्र, चौतारा

सडक दुर्घटना न्यूनीकरणका लागि चौतारा स्याउले सडक खण्डमा राखिएको चेतनामूलक होडिङ्ग बोर्ड च्यातिएको अवस्थामा फेला परेको छ। "मादकपदार्थ सेवन गरी सवारी नचलाऊ" भन्ने सन्देशसहितको उक्त बोर्ड हाल अस्पष्ट भइसकेको छ भने यसको माथिल्लो भाग पूर्णरूपमा नष्ट भएको छ।

ट्राफिक प्रहरीका अनुसार यस्तो चेतनामूलक बोर्ड दुर्घटनाको जोखिम घटाउन र जनचेतना अभिवृद्धि गर्न राखिएको थियो। तर, दुर्भाग्यवश, स्थानीय तहको सरोकार र जनताको जिम्मेवारीविहीन व्यवहारकै कारण यस्तो संरचना क्षति भएको देखिएको छ। जनहितका लागि राखिएका सूचना बोर्डहरु आफैँ जनताबाटै नष्ट हुनु गम्भीर विडम्बना हो। सार्वजनिक सम्पत्तिको संरक्षण नगर्नु केवल लापरबाही मात्र होइन, जनचेतनाको अभाव र सामाजिक उत्तरदायित्वको कमजोरीको

पेज नं ५

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेस्क
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## खेलको महत्वः अनुशासन, स्वास्थ्य र समग्र विकासको आधार

समाजमा शिक्षा केवल पाठ्यपुस्तकमा सीमित छैन। शिक्षा भनेको व्यक्तिको सर्वाङ्गिण विकास हो–शारीरिक, मानसिक, सामाजिक र नैतिक। यस्ता समग्र विकासमा खेलको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। खेलकुदले व्यक्तिमा अनुशासन, नेतृत्व क्षमता, समय व्यवस्थापन र सहकार्यजस्ता मूल्यहरू विकास गर्छ। मैदानमा हार–जितसँग जुध्दा मानिसमा धैर्यता, संघर्षशीलता र आत्म–विश्लेषण गर्ने क्षमता पनि बढ्छ। खेल केवल मनोरञ्जनको माध्यम मात्र नभई शारीरिक तन्दुरुस्ती र मानसिक स्वास्थ्यको लागि अत्यावश्यक तत्व हो। आजको पुस्ता मोबाइल, इन्टरनेट र टेक्नोलोजीमा सीमित भइरहेका बेला खेलले सक्रिय जीवनशैलीलाई प्रवर्द्धन गर्दछ। खेलकुदले युवालाई कुलत र गलत संगतबाट टाढा राखी सकारात्मक ऊर्जातर्फ उन्मुख गराउँछ। स्वस्थ शरीरमा मात्र स्वस्थ मन बस्न सक्छ भन्ने पुरानो भनाइ आज पनि उत्तिकै सान्दर्भिक छ। राज्य तहमा हेर्दा पनि, खेलकुदले राष्ट्रिय एकता, अन्तर्राष्ट्रिय पहिचान र पर्यटन प्रवर्द्धनमा भूमिका खेल्न सक्छ।

सोच निर्माण गर्छ, जीवनमा संघर्ष कि खेलकुदलाई केवल विकल्प होइन, अनिवार्य जीवनपद्धतिको रूपमा अंगिकार गरियोस्।

विचारपत्र

# सुरक्षित विश्व : समृद्धिको मार्ग

**विश्व शान्ति र सुरक्षा खल्बलिने स्तरको संघर्षका बारे तत्काल छलफल गर्नुपर्ने देखेर संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले शुक्रबार नै संकटकालीनबैठक बोलाएको थियो जसमा चीन र रुसले इजरायलको उग्रताप्रति असहमति जनाएका थिए । यी दुवै देशका राजदूतहरूले इजरायलले अकारण इरानउपर हमला गरेर अन्तर्राष्ट्रिय कानुन र राष्ट्रसंघको बडापत्रका मान्यताहरूको उल्लंघन गरेकोमा कडा शब्दमा इजरायलको निन्दा गरेका**

ध्रुव अधिकारी

विश्वका सबैभन्दा सम्पन्न कहलिएका सातवटा देशको ५१ औँ शिखर सम्मेलनका लागि तय भएको समयतालिका (१५-१७ जुन) नजिक आउँदै गर्दा आयोजक राष्ट्र क्यानडाका प्रधानमन्त्री मार्क कार्नीलाई अन्तर्राष्ट्रिय परिस्थिति तनाउयुक्त हुने आहट सम्भवतः भइसकेको थियो ।

नभन्दै यता सम्मेलनस्थल अलबर्टा प्रदेशको क्यानन्यास्किस् नगरमा पहिलो दिनको तयारी चल्दै गर्दा उता इजरायल–इरान संघर्षको तेस्रो दिनमा थियो ।

शुक्रबार बिहानै इजरायलले आकाशबाट लामो दूरीमा मार गरिने हतियारसहित हवाई आक्रमणद्वारा इरानका संवेदनशील स्थानहरूलाई लक्ष्य गर्दै प्रहार गरेपछि लडाञीको थालनी भइहाल्यो । त्यस क्रममा इरानका कतिपय उच्च सैनिक अधिकारी र आणविक केन्द्रमा काम गर्ने वैज्ञानिकहरु मारिए । इरानको प्रत्याक्रमण उसैदिन साँझदेखि इजरायलका तेल अविव, हाइफा समेतका बस्तीहरूमा महसुस हुन थाल्यो, इरानी क्षेप्यास्त्रहरूको इजरायलमाथि बाक्लो वर्षा भयो । यो क्रम बुधबार बिहान यी हरफहरु लेखिँदासम्म नरोकिएको जानकारी अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले दिइरहेका छन् ।

विश्वसंस्थाको भूमिका

विश्व शान्ति र सुरक्षा खल्बलिने स्तरको संघर्षका बारे तत्काल छलफल गर्नुपर्ने देखेर संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले शुक्रबार नै 'संकटकालीन' बैठक बोलाएको थियो जसमा चीन र रूसले इजरायलको उग्रताप्रति असहमति जनाएका थिए ।

यी दुवै देशका राजदूतहरूले इजरायलले अकारण इरानउपर हमला गरेर अन्तर्राष्ट्रिय कानुन र राष्ट्रसंघको बडापत्रका मान्यताहरूको उल्लंघन गरेकोमा कडा शब्दमा इजरायलको निन्दा गरेका थिए ।

चीनले चर्को जोखिम

नमोल्नसमेत इजरायललाई सचेत गराएको थियो । यसैबीच, सुरक्षा परिषद्का बाँकी तीन स्थायी सदस्य–राष्ट्र (अमेरिका, बेलायत र फ्रान्स) का सर्वोच्च नायकहरु 'जी सेवेन' भनिने सात देशको समूहको बैठकमा सामेल हुन क्यानडाको अलबर्टामा भेला भए । त्यहाँ तिनको भेट जर्मनी, इटाली, जापान र क्यानडाका नेताहरूसँग भयो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको उपस्थितिले शिखर सम्मेलनको महत्व त बढ्यो तर उनका सोच र कार्यशैलीबारे अन्य सहभागीहरु आश्वस्त थिएनन्, हुन सकेनन् । भेलाको आरम्भमै उनले 'आठको समूह' भैसकेको क्लबबाट रूसलाई हटाउनु 'गल्ती' थियो भनेर प्रेससमक्ष टिप्पणी गरिदिए जसले गर्दा सम्मेलनमा युक्रेनबारे मतैक्य नहुने संकेत प्रारम्भमै देखियो । रूसले सन् २०१४ मा क्राइमिया कब्जा गरेपछि उसै बेलादेखि मास्कोलाई समूहबाट बाहिर पारिएको थियो । मास्कोले कतिपय मोर्चामा नाकाबन्दीको सामना पनि गर्दैआएको छ ।

पचास वर्षअघि अर्थात् सन् १९७५ मा गठित यो समूह आरम्भमा छ देशको मात्र थियो, क्यानडा एक वर्षपछि त्यसमा सामेल भयो । रूसलाई १९९७ देखि सदस्य बनाइएको थियो ।

यसरी छ बाट सात र सातबाट आठ भएको समूहलाई सम्मेलनलाई यसपालि ट्रम्पले बीचमै छोडेर हिँडिदिनाले यो व्यवहारतः फेरि छ मै झर्न पुग्यो ! जे होस्, सम्मेलन सकिँदा यसलाई सातकै समूह भनियो । सातको समूहले विश्वभरको गार्हस्थ उत्पादन (जीडीपी) मा ४४ प्रतिशत हिस्सा ओगट्छ भन्ने मानिन्छ– जुन एक समय ८० प्रतिशतको हाराहारीमा पुगेको थियो ।

ग्रुप अफ सेवेन (जी सेवेन) का बैठकहरूमा आयोजक राष्ट्रले आवश्यक ठानेर अन्य प्रभावशाली देशका राष्ट्रप्रमुख/सरकारप्रमुखहरूलाई विशेष आमन्त्रित गर्ने चलन चल्दै आएको छ । त्यसै अनुरूप, क्यानडाका नयाँ प्रधानमन्त्री कार्नीले भारतबाट नरेन्द्र मोदी, अस्ट्रेलियाबाट एन्थनी अल्बेनिजी र ब्राजिलबाट राष्ट्रपति लुला डी सिल्वासमेतलाई निमन्त्रणा गरेका थिए । मोदीको आगमन हुँदा ट्रम्प इरान–इजरायल संघर्ष चर्केको कारण देखाएर वाशिङ्टन फर्किसकेका थिए । त्यसैगरी, छुट्टै भेट गरेर अस्ट्रेलिया–अमेरिका सम्बन्ध सुधार गर्ने अल्बेनिजीको योजना पनि खेर गयो । युक्रेनका राष्ट्रपति जेलेन्स्कीले पनि ट्रम्पसमेतको उपस्थितिमा आफ्ना कठिनाइ सुनाउन पाएनन् । बरू क्यानडाले

समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

मेलम्ची नगरपालिका
वडा नम्वर ११ को कार्यालय, सिन्धुपाल्चोक

# युवाको विदेश पलायन र भिजिट भिसा प्रकरण

**नेपालमा वैधानिक राजतन्त्र थियो, तर राजपरिवारका बीचमा सिंहासनको प्रतिस्पर्धाका कारणले भएको हत्या काण्डको परिणामस्वरूप वैधानिक राजतन्त्र वा राजतन्त्र समाप्त भयो । राजगद्दीका लागि परस्परमा हिंसा वा हत्या राजतन्त्रको वंशानुगत, चरित्र वा विशेषता हो । त्यस प्रकारको प्रवृत्ति अहिले पनि राजपरिवारमा विद्यमान छ । त्यही प्रवृत्ति अहिले राजतन्त्रको पुनर्स्थापना भएपछि पनि उनीहरूमध्येको सिंहासनमाको बस्ने ? त्यो कुराको अहिलेदेखि नै अन्तरकलह देखा पर्न थालेको छ ।**

**देशमा राजतन्त्रको पुनर्स्थापना भएपछि पनि को प्रधानमन्त्री हुने ? त्यो कारणले पनि राजावादीको बीचमा अन्तर्विरोध देखा परिरहेको छ । राजतन्त्रको पुर्नस्थापनाका सिलसिलामा उनीहरूका बीचमा देखा परिरहेको अन्तर्विरोध वा फुट ? त्यसैको परिणाम हो । राजपरिवारको पहिलेदेखि नै चाकरी गर्ने, दासताको मानसिकता अहिले पनि देखा परिरहेको छ । पञ्चमा पनि त्यही मानसिकताले काम गरेको थियो ।**

**मोहनविक्रम सिंह**

देशमा भविष्य छैन भनेर नयाँ पिंढीले पुरै नै विदेशमा पलायन गर्ने हो भने देशको भविष्य बन्न सक्दैन र देश सधैँ अहिलेको अवस्थामा रहने मात्र होइन, त्यसको झन् पछि झन् बढी अधोगति हुँदै जानेछ । देशको भविष्य पुरै नै अन्धकारमय हुनेछ । त्यस्तो हुन नदिनका लागि नयाँ पिंढी अगाडि आउनुपर्दछ र उनीहरूले देशको वर्तमान अवस्थालाई बदल्नका लागि संघर्ष गर्नुपर्दछ ।

नेपालमा विदेशमा पलायनको सिलसिला धेरै नै बढेर गएको छ । नेपालको श्रमशक्ति मात्र होइन, बुद्धिजीवी र विद्यार्थीमा समेत विदेशमा पलायन गर्ने कार्य धेरै बढेर गएको छ । यो सिलसिला सम्पूर्ण रूपले गलत होइन । अन्य देशका नागरिकहरु पनि रोजगारी वा अध्ययनका लागि विदेश जाने गरेको पाइन्छ । सबै जना देशभित्र नै बस्ने, यहाँको प्रविधिको मात्रै प्रयोग गर्ने, विदेशको शिक्षा पनि नलिने, विदेशको प्राविधिक ज्ञान पनि नलिने गर्ने हो भने देशको विकास हुँदैन ।

अन्य देशले पनि विदेशबाट शिक्षा लिने गरेका छन् । सबैभन्दा ठुलो समस्या के हो भने विदेशमा जाने मात्रै होइन, प्रवृत्ति त्यहीँ बस्नेछ । त्यहीँको नागरिकता लिने, देशमा नफर्कने, यसरी आम बुद्धिजीवी, विद्यार्थी वा प्राविधिकमा पनि त्यस्तो प्रवृत्ति व्यापक रूपमा देखापरेको छ । देशभक्तिको भावना कम भएर नै त्यस्तो हुने गरेको छ ।

विद्यार्थीले आमरूपमा यो कुरा गुनासो गरेको पाइन्छ कि देशमा बसेर भविष्य छैन ।

भ्रष्टाचार छ, कुशासन छ, पक्षपात छ । भविष्य छैन भने के गर्ने त ? सबै विदेशमा जाने ? त्यो त होइन । देशको भविष्य राम्रो बनाउन कोशिस गर्नुपर्दछ ।

आजको भ्रष्ट प्रशासनले, भ्रष्ट राजनीतिक नेतृत्वले र सिद्धान्तहीन राजनीतिक नेतृत्वले गर्दाखेरि देशको विकास हुन सकिरहेको छैन भने हामीमा त्यसका विरूद्ध संघर्ष गर्ने सोचाइ हुनुपर्दछ । देशमा भविष्य छैन भनेर नयाँ पिंढीले पुरै नै विदेशमा पलायन गर्ने हो भने देशको भविष्य बन्न सक्दैन र देश सधैँ अहिलेको अवस्थामा रहने मात्र होइन, त्यसको झन् पछि झन् बढी अधोगति हुँदै जानेछ ।

देशको भविष्य पुरै नै अन्धकारमय हुनेछ । त्यस्तो हुन नदिनका लागि नयाँ पिंढी अगाडि आउनुपर्दछ र उनीहरूले देशमो वर्तमान अवस्थालाई बदल्नका लागि संघर्ष गर्नुपर्दछ ।

माथि जे भनियो, त्यसको अर्थ विद्यार्थी पढ्नका लागि विदेशमा जानै हुन्न भन्ने होइन तर मुख्य समस्या वा आवश्यकता यो हो कि उनीहरूमा देशप्रतिको भावना हुनुपर्दछ ।

पहिलेदेखि नै सबै मानिस नेपालमा नै बस्ने गरेको भए वा विदेशमा पढ्नका लागि पनि नजाने गरेको भए देशमा जे जति शिक्षाको विकास भएको छ, त्यो पनि हुन सक्ने थिएन ।

त्यसैले अध्ययनका लागि विदेश जानुलाई हामीले गलत मान्दैनौँ तर उनीहरूमा पुनः फर्केर देशमा आएर देशको विकास गर्ने वा देशमा भएको कुव्यवस्थाका विरूद्ध संघर्ष गर्ने मानसिकता हुनुपर्दछ ।

देश राम्रो छैन भने राम्रो बनाउनुपर्दछ । त्यो कार्य व्यक्तिगत भविष्य खोज्नका लागि सबै जना विदेश गएर होइन, उनीहरूमा देशको भविष्य बनाउने स्प्रिट तथा देशभक्तिको भावना भएपछि नै पूरा हुन सक्दछ । भ्रष्टाचारका कारण राजस्व थोरै उठेकोले कर्मचारी पाल्न पुगिरहेको छैन । ऋण लिएर विकासका लागि छुट्याइएको रकमको ठुलो भाग भ्रष्टाचारमा नै खर्च हुन्छ ।

तल उपभोक्ता समितिदेखि, जिल्ला र प्रशासन तथा राज्यको उच्च तहसम्म ठुलो पैमानामा भ्रष्टाचार हुने गर्दछ । त्यसैको परिणाम हो कि नेपालमा बहुदलीय व्यवस्था आएको लामो समय भइसक्दा पनि देशको दिगो विकास हुन सकिरहेको छैन ।

थोरै समयमा धेरै देशले माथिल्लो तहको विकास गरेका छन् तर नेपालमा विकासको प्रक्रिया धेरै पछाडि परेको छ ।

अहिले गृहमन्त्री रमेश लेखक जोडिएको भिजिट भिसा प्रकरण आएको छ । त्यस्तै, पतञ्जली प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको विषय पनि आएको छ ।

भ्रष्टाचार जुन रूपमा आए पनि, जहाँ आए पनि, जसले ल्याए पनि त्यसका विरूद्ध कडा कारबाही गरिनुपर्दछ । त्यही प्रकारले सहकारीको क्षेत्रमा भएको अपचलन वा ठगीका विरूद्ध पनि हामीले निष्पक्ष छानबिन र अपराधअनुसार कडा कारबाहीका लागि दृढतापूर्वक आवाज उठाउँदै आएका छौँ ।

त्यसबारे रास्वपाका सभापतिबारे धेरै नै चर्चा हुने गरेको छ तर त्यो मुद्दा अगाडि आउनुभन्दा पहिले वा पछि पनि देशभरिमा सहकारीसम्बन्धी अपचलन वा ठगीका धेरै घटना भएका छन् । जहाँ पनि त्यस्तो हुन्छ, त्यहाँ छानबिन र कारबाही गरिनुपर्दछ । निश्चय नै त्यसो गर्दा कुनै पक्षपात, पूर्वाग्रह वा राजनीतिक बदलाको दृष्टिकोणले कसैलाई बचाउने वा फसाउने कार्य गरिनु हुँदैन र त्यस प्रकारका सबै कारबाही निष्पक्षतापूर्वक र न्यायोचित प्रकारले गरिनुपर्दछ ललितानिवास, सुनतस्करी, भुटानी शरणार्थी, गिरिबन्धु टी स्टेट, सहकारी वा अहिले नयाँ अगाडि आएका भिजिट भिसा वा पतञ्जली प्रकरण समेतबारे हाम्रो त्यही प्रकारको दृष्टिकोण रहेको छ ।

अहिले भिजिट भिसा प्रकरणमा पनि निष्पक्ष र न्यायोचित प्रकारले छानबिन र कारबाही हुनुपर्दछ भन्ने हाम्रो मत रहेको छ ।

पहिले रास्वपाका अध्यक्षमाथि सहकार सम्बन्धी रकमको मुद्दा अगाडि आउँदा उनलाई गृहमन्त्रीको पदबाट हटाउनुपर्दछ भन्ने माग संसद्भित्र र बाहिर पनि जोडदार रूपले उठेको थियो तर अहिले भिजिट भिसा प्रकारणमा पनि गृहमन्त्रीको राजीनामाको माग उठेको छ तर पूर्वगृहमन्त्री र अहिलेको गृहमन्त्री दुवै मुद्दा एकै प्रकारका होइनन् ।

पूर्वगृहमन्त्रीको विषयमा प्रत्यक्ष रूपले नै जनता वा प्रहरी समेतबाट उनका विरूद्ध धेरै उजुरी आएका थिए ।

त्यो अवस्थामा उनको राजीनामाको माग गर्नु सही नै हुन्थ्यो तर वर्तमान गृहमन्त्रीबारे अहिलेसम्म त्यस प्रकारको उजुरी आएको छैन ।

त्यसैले हामीले उक्त विषयमा जसका विरूद्ध आरोप आएको छ, उनीहरूमाथि निष्पक्ष र न्यायोचित प्रकारले कारबाही गर्नुपर्दछ भन्ने कुरामा जोड दिँदै वर्तमान गृहमन्त्रीले राजनीामा दिनुपर्ने स्थिति उत्पन्न भएको छैन भन्ने हाम्रो मत रहेको छ । त्यस प्रकारको भ्रष्टाचारमा संलग्न भएको आरोप आउँछ भने त्यो अवस्थामा उनले राजीनामा दिएर छानबिनलाई समुचित रूपले अगाडि बढाउन मार्गप्रशस्त गर्नु नै सही हुनेछ । जहाँसम्म पतञ्जली जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल संलग्न भएको कुरा छ, त्यसबारे सर्वप्रथमतः एउटा विदेशी कम्पनीलाई व्यावसायिक कार्यको सञ्चालनका लागि त्यसरी सहुलियत रूपमा त्यति ठुलो पैमानाको जग्गा दिनुलाई हामीले सही मान्दैनौँ । त्योबाहेक जुन प्रयोजनका लागि जग्गा दिइएको थियो, त्यो काममा जग्गा उपयोग नगरीकन हदभन्दा बढीको जग्गा बिक्रीका लागि मन्त्रिमण्डलले स्वीकृति

पेज नं ५ मा


## समाजिक संजालको रचनात्मक प्रयोग गरौँ

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौँ।

सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।

सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौँ ।

सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौँ ।

सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौँ ।

चौतारा साँगाचोकगढी नगरपालिका
नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# सुनकोशी पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा



जनतापत्र, सुनकोशी

सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिकाले हालै "पूर्ण खोप सुनिश्चितता र दिगोपन घोषणा कार्यक्रम" आयोजना गरी खोप अभियानलाई थप प्रभावकारी र दिगो बनाउने प्रतिबद्धता जनाएको छ।

गाउँपालिका अध्यक्ष टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी किरण थापासहित स्वास्थ्यकर्मी, जनप्रतिनिधि र स्थानीय समुदायका सदस्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा खोप कार्यक्रमको दीगो प्रभाव र स्थानीय तहको भूमिकाबारे विस्तृत छलफल गरियो। सुनकोशी गाउँपालिकाले यस कार्यक्रममार्फत खोप अभियानलाई थप मजबुत बनाउँदै सर्वसाधारणमा स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने अपेक्षा गरेको छ। यस पहलले सुनकोशी गाउँपालिकामा खोप कार्यक्रमलाई थप प्रभावकारी र दिगो बनाउने उद्देश्य राखेको छ।

# समुदायसँग सम्बन्ध विस्तार कार्यक्रम मेलम्चीमा



जनतापत्र, मेलम्ची

चामुण्डा माध्यमिक विद्यालय, जोरपाटी, काठमाडौँले आयोजना गरेको 'असल अभ्यास आदानप्रदान तथा समुदायसँग सम्बन्ध विस्तार' कार्यक्रम असार ४ गते मेलम्चीमा सम्पन्न भएको छ।

मेलम्ची नगरपालिकाका नगर प्रमुख आइतमान तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा उपप्रमुख उमा प्रधान, निवर्तमान जिल्ला समन्वय समिति प्रमुख कृष्ण गोपाल तामाङ, शिक्षा अधिकृत सुदिनराज बुढाथोकी, शिक्षक महासंघ सिन्धुपाल्चोकका अध्यक्ष कुमार खतिवडा लगायत मेलम्ची नगरपालिका, हेलम्बु गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका र इन्द्रावती गाउँपालिकाका विभिन्न विद्यालयका प्रधानाध्यापकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपक सिंह भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा चामुण्डा माध्यमिक विद्यालयका प्रधानाध्यापक गुणाराम आचार्य र थाङपाल भ्याली माध्यमिक विद्यालयका प्रधानाध्यापक राजु तामाङले असल अभ्यास सम्बन्धी प्रस्तुतीकरण प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रमले सामुदायिक विद्यालयहरूबीच आपसी सहकार्य, शिक्षा क्षेत्रमा देखिएका सफल अभ्यासहरूको आदानप्रदान तथा स्थानीय तहहरूसँगको सम्बन्ध विस्तार गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको आयोजक विद्यालयले जनाएको छ।

# जलवायु परिवर्तनसम्बन्धी अभिमुखिकरण कार्यक्रम

जनतापत्र, इन्द्रावति

इन्द्रावती गाउँपालिका–५ मा अवस्थित एसेलुखर्क माध्यमिक विद्यालयमा शनिबार शैक्षिक सामग्री वितरण तथा जलवायु परिवर्तनसम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

"परिवर्तनका लागि सहकार्य" संस्थाको आयोजनामा र इन्द्रावती गाउँपालिकाको समन्वयमा आयोजित कार्यक्रममा विद्यालयमा अध्ययनरत विद्यार्थीहरु तथा अभिभावकहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा नेप्लिज युथ फर क्लाइमेटका निश्चल ढुंगानाले जलवायु परिवर्तनको कारण, असर र समाधानबारे अभिमुखिकरण दिनुभएको थियो। संस्थाको सहयोगमा अध्ययनरत ३० जना विद्यार्थीहरूलाई कापी, कलम, सिसाकलम, झोला, छाता, पानीको बोतल, ज्योमेट्री बक्स लगायतका शैक्षिक सामग्रीहरु वितरण गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि इन्द्रावती गाउँपालिका अध्यक्ष झम्कनाथ नेपालले शैक्षिक विकास विना समाजको समग्र विकास सम्भव नभएको उल्लेख गर्दै गाउँपालिकाले शैक्षिक अभियानमा सक्दो सहयोग गने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले यस्ता कार्यक्रमलाई अन्य विद्यालयसम्म विस्तार गर्न अनुरोध गर्नुभयो। गाउँपालिकाका प्रवक्ता तथा वडा नं. ५ का अध्यक्ष शशीनाथ आचार्यले संस्थाले गरेको सहयोगले विद्यार्थीहरूलाई अध्ययनप्रति प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दै संस्थाप्रति आभार प्रकट गर्नुभयो।

साथै अभिभावकहरूको पनि शैक्षिक यात्रामा महत्वपूर्ण भूमिका हुने भन्दै सक्रिय सहभागिताको आग्रह गर्नुभयो।कार्यक्रमका विशेष अतिथि इन्द्रावती वडा नं. ४ का अध्यक्ष क्षेत्रबहादुर तामाङले यस प्रकारको शैक्षिक सहयोगले विद्यालयको गुणस्तरमा सकारात्मक प्रभाव पार्ने धारणा राख्नुभयो। अभिभावकहरूले सामग्रीको सही सदुपयोग सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिनुभयो।

संस्थाकी अध्यक्ष मैया नेपालीले "परिवर्तनका लागि सहकार्य" संस्था शिक्षा, महिला सशक्तीकरण, बालविवाह न्यूनीकरण, वातावरण संरक्षण लगायतका क्षेत्रमा क्रियाशील रहेको जानकारी गराउँदै हाल दर्जनौं आर्थिक अवस्था कमजोर भएका जेहेन्दार विद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा पढाइरहेको बताउनुभयो।

कार्यक्रममा संस्थाको सहयोगमा अध्ययन गरिरहेका दुई विद्यार्थीहरु आरूसी श्रेष्ठ र रिना तामाङलाई उत्कृष्ट नतिजाको आधारमा मायाको चिनो प्रदान गरिएको थियो।


## समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

बलेफी गाउँपालिका
गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# चौतारामा मौरी पालन तालिम



जनतापत्र, चौतारा

चौतारा साँगाचोकगढी नगरपालिका–५ मा तीनदिने मौरी पालन तालिम सम्पन्न भएको छ। स्वाभिमानी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आयोजना र नगरपालिकाको सहकार्यमा असार २ देखि ४ गतेसम्म सञ्चालन भएको तालिममा २० जना स्थानीय सहभागीले मौरी पालनसम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान प्राप्त गरे।

तालिमको समापन कार्यक्रममा नगर प्रमुख कृष्णप्रसाद सापकोटा, उपप्रमुख, वडा नं. ५ का अध्यक्ष, सदस्यहरु र अन्य स्थानीय सरोकारवालाहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको विशेष अवसरमा सहभागी सबै २० जनालाई एक–एकवटा मौरी घार (बक्स) समेत वितरण गरिएको छ, जसबाट उनीहरूले व्यवसायिक मौरी पालनको प्रारम्भ गर्न सक्नेछन्।

नगर प्रमुख सापकोटाले कृषि र पशुपालनसँगै मौरी पालनजस्ता सीपमूलक कार्यक्रमहरु आत्मनिर्भरता र स्वरोजगारको मार्ग खोल्ने बताए। उनले स्थानीय तहबाट यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइने प्रतिबद्धता पनि जनाए।

तालिममा सहभागीहरु मौरी पालनमा प्राप्त ज्ञानलाई व्यवहारमा उतार्ने अठोटका साथ उत्साहित देखिएका थिए। यस तालिमले नगरभित्र स्थानीय स्तरमा स्वरोजगार र आर्थिक सशक्तीकरणतर्फको यात्रा थप अगाडि बढाउने विश्वास सरोकारवालाहरूले व्यक्त गरेका छन्।

सानो लगानी र न्यून जोखिममा राम्रो प्रतिफल दिने मौरी पालनजस्ता कार्यक्रमहरु चौतारा साँगाचोकगढी नगरपालिकाका लागि दीगो विकास र स्वरोजगार सृजनाको एउटा सम्भावनाशील माध्यम बन्दै गइरहेको देखिन्छ।

यो तालिमले स्थानीय उत्पादन, खाद्य सुरक्षा र व्यावसायिक कृषि विस्तारमा योगदान पुर्‍याउने विश्वास लिइएको छ।

# युवाको विदेश पलायन ....

दिने जुन काम गरेको छ, त्यो पनि निश्चित रूपले गलत हो । त्यो बेला माधव नेपाल नै प्रधानमन्त्री थिए । त्यसकारण त्यसको जिम्मेवारीबाट उनलाई अलग राखेर हेर्न मिल्दैन ।निश्चय नै त्यो गलत निर्णय पनि मन्त्रीमण्डलद्वारा गरिएको हुनाले त्यो नीतिगत प्रकारको नै गल्ती हो ।

त्यस प्रकारका नीतिगत गलत निर्णय नेपालका विभिन्न मन्त्रीमण्डलबाट धेरै नै हुने गरेका छन् । त्यस प्रकारका नीतिगत गल्तीका लागि कारबाही वा दण्डसजायका लागि कानुनमा जुन व्यवस्था गरिएको छ वा त्यसबारे अहिलेसम्म जुन अभ्यास गरिँदै आएको छ, त्यसअनुसार नै त्यसबारे छानबिन तथा कारबाही गर्नुपर्ने आवश्यकतामा हामीले जोड दिन्छौँ । त्यस सन्दर्भमा अर्को विचारणीय प्रश्न यो हो, उक्त विषयमा नीतिगत रूपमा नै कुनै गल्ती गरिएको छ वा व्यक्तिगत रूपमा यो विषयमा कुनै लेनदेन गरेर वा नाजायज फाइदा उठाएर माधव नेपालले भ्रष्टाचार गरेका छन् ? त्यसबारे अहिलेसम्म उनीमाथि कुनै आरोप लगाएको कुरा सार्वजनिक भएको छैन । त्यसबारे सार्वजनिक रूपमा नै कुनै तथ्य बाहिर आएपछि त्यसबारे बताउनु सही र उचित हुनेछ । जे होस्, पतञ्जली जग्गा प्रकरणमा त्यस प्रकारको कुनै भ्रष्टाचार भएको छ भने पनि त्यसबारे निष्पक्ष र उच्चस्तरीय छानबिन र कारबाही गर्नुपर्ने आवश्यकतामा हामीले जोड दिन्छौँ । राजावादी आन्दोलन तत्कालका लागि तुहिए पनि प्रतिगमनको खतरा टरिसकेको छैन । वास्तवमा राजावादीले के चाहन्छन् ? भन्ने कुरा प्रष्ट छैन ।

उनीहरूका बीचमा सत्ता र पदको लागि होडवाजी छ । ज्ञानेन्द्र स्वयं राजा बन्न चाहन्छन् ।

उनका नातिलाई राजा बनाइयो भने पारस असन्तोष हुनेछन् । त्यही कारणले उनीहरूका बीचमा पारस्परिक विरोध वा असन्तोष बढेर गएको छ ।

उनीहरूले राजतन्त्र ल्याउने कुरा गरिरहेका छन् तर को राजा हुने ? यसबारे उनीहरूका बीचमा बेग्लाबेग्लै प्रकारका महत्वाकांक्षाले काम गरेका छन् ।इतिहास साक्षी छ, त्यही कारणले राजतन्त्रभित्र कैयौँपल्ट कैयौं काण्ड हुने गरेका छन् ।

नारायणहिटी काण्ड त्यसको एउटा पछिल्लो उदाहरण हो ।

नेपालमा वैधानिक राजतन्त्र थियो, तर राजपरिवारका बीचमा सिंहासनको प्रतिस्पर्धाका कारणले भएको हत्या काण्डको परिणामस्वरूप वैधानिक राजतन्त्र वा राजतन्त्र समाप्त भयो । राजगद्दीका लागि परस्परमा हिंसा वा हत्या राजतन्त्रको वंशानुगत, चरित्र वा विशेषता हो । त्यस प्रकारको प्रवृत्ति अहिले पनि राजपरिवारमा विद्यमान छ । त्यही प्रवृत्ति अहिले राजतन्त्रको पुनर्स्थापना भएपछि पनि उनीहरूमध्येको सिंहासनमाको बस्ने ? त्यो कुराको अहिलेदेखि नै अन्तरकलह देखा पर्न थालेको छ ।

देशमा राजतन्त्रको पुनर्स्थापना भएपछि पनि को प्रधानमन्त्री हुने ? त्यो कारणले पनि राजावादीको बीचमा अन्तर्विरोध देखा परिरहेको छ । राजतन्त्रको पुर्नस्थापनाका सिलसिलामा उनीहरूका बीचमा देखा परिरहेको अन्तर्विरोध वा फुट ? त्यसैको परिणाम हो । राजपरिवारको पहिलेदेखि नै चाकरी गर्ने, दासताको मानसिकता अहिले पनि देखा परिरहेको छ ।

पञ्चमा पनि त्यही मानसिकताले काम गरेको थियो ।

राणाशासनको बेलामा पनि त्यही मानसिकताले काम गरेको थियो । त्यही प्रवृत्ति अहिले पनि राजावादीमा देखा परेको छ । उनीहरूका बीचको फुट र अन्तरकलहको कारण त्यही हो ।

**(सौर्यअनलाइनबाट)**

# जनहितमा राखिएको....

प्रतीक पनि हो। स्थानीय सरकार, ट्राफिक प्रहरी, नागरिक समाज तथा सरोकारवाला निकायहरूले यस्ता सूचना संरचनाको सुरक्षा र नियमित मर्मतका साथै जनसहभागिता र चेतनाको अभिवृद्धिका लागि गम्भीर पहल गर्नु आवश्यक देखिन्छ।

सार्वजनिक सन्देशहरु मात्र होइन, सार्वजनिक व्यवहार पनि सशक्त हुनु आजको आवश्यकता हो। चेतनाका लागि राखिएको संरचना बेपर्वाह जनसञ्चालनको शिकार नबनोस्, सबै नागरिकको यही साझा जिम्मेवारी हो।

# मेलम्चीमा नयाँ मालपोत.....

सेवा सुरु गर्ने लक्ष्य राखिएको छ। यसअघि मालपोतसम्बन्धी सेवा लिन नागरिकहरूलाई चौतारासम्म जानुपर्ने बाध्यता थियो, जसले समय र खर्च दुवै बढाउँथ्यो।

नयाँ कार्यालयको स्थापना भएपछि सिन्धुपाल्चोक क्षेत्र नम्बर २ का बासिन्दाहरूले प्रत्यक्ष लाभ पाउनेछन्।

स्थानीय जनप्रतिनिधिहरूले मालपोत कार्यालय स्थापना भएपछि भू–व्यवस्थापन प्रणाली अझ प्रभावकारी, पारदर्शी र जनमैत्री हुने विश्वास व्यक्त गरेका छन्। यसले नागरिकहरूको समय, खर्च र अन्य असुविधा घटाउने मात्र नभई, समग्र विकास कार्यमा समेत सहजता ल्याउने अपेक्षा गरिएको छ।


## समाजिक संजालको रचनात्मक प्रयोग गरौँ

**सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौँ।**

**सामाजिक संजालमा आउने झुठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।**

**सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौँ ।**

**सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौँ ।**

**सामाजिक संजालको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौँ ।**

**मेलम्ची नगरपालिका**
**नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक**

# पाँचपोखरी थाङपाल गाउँपालिका पूर्ण खोप सुनिश्चित



जनतापत्र, पाँचपोखरी

पाँचपोखरी थाङपाल गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएसँगै सिन्धुपाल्चोक जिल्लाका सबै १२ वटै स्थानीय तह पूर्ण खोप सुनिश्चित भएका छन्।

शुक्रबार एक भव्य समारोहका बीच आयोजित कार्यक्रममा राष्ट्रिय पूर्णखोप सुनिश्चितता निर्देशिका अनुसार १६ महिना देखि २३ महिनासम्मका सबै बालबालिकालाई १५ महिनाको उमेरभित्र आवश्यक सम्पूर्ण खोप प्रदान गरिएकाले पाँचपोखरी थाङपाल गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित भएको घोषणा गरिएको हो।

कार्यक्रममा जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोकका प्रमुख दुर्गा बजगाईंले खोप सुनिश्चितता र दिगोपनको प्रमाणपत्र प्रदान गर्दै जिल्लाका सबै पालिका पूर्ण खोप सुनिश्चित भएकोमा बधाई व्यक्त गर्नुभयो।

उहाँले यो उपलब्धिको श्रेय स्वास्थ्यकर्मी, स्वयंसेविका र स्थानीय जनताको सक्रिय सहयोगलाई दिनुभयो।

गाउँपालिका अध्यक्ष टासी लामाले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दै गाउँपालिकाभित्रका सबै स्वास्थ्यकर्मी र स्वयंसेविकाको योगदानले आजको उपलब्धि सम्भव भएको बताउनुभयो। उनले घरमै सुत्केरी हुने दर घटाउन निशुल्क एम्बुलेन्स सेवा, बर्थिङ सेन्टर, सुत्केरी भत्ता लगायतका कार्यक्रम सञ्चालन गरिरहेको जानकारी गराउँदै स्वास्थ्य क्षेत्रमा पालिकाको प्रतिबद्धता पुनः पुष्टि गर्नुभयो। कार्यक्रममा स्वागत मन्तव्य प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण कुईंकेलले राख्नुभएको थियो। साथै उत्कृष्ट काम गरेका स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान गरिएको थियो। केही स्वयंसेविकालाई बिदाई तथा स्वागत गर्दै अध्यक्ष लामाले आगामी बजेटमा भत्ता थप्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

कार्यक्रममा वडा नं. ५ का अध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक काले गोले, विभिन्न राजनीतिक दलका प्रतिनिधि, पत्रकार महासंघका पूर्वअध्यक्ष जीवन श्रेष्ठ, स्थानीय जनप्रतिनिधिहरु, कर्मचारी तथा स्वयंसेविकाहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको अवसरमा निशुल्क सुगर तथा रक्तचाप परीक्षण सेवा पनि प्रदान गरिएको थियो। कार्यक्रमको सहजीकरण स्वास्थ्य शाखा प्रमुख आत्माराम धितालले गर्नुभएको थियो।

## चौतारा साँगाचोकगढी नगरपालिकामा......

बताउँदै, चुनौतीलाई अवसरमा बदल्दै अघि बढ्न शुभकामना दिए। जनस्वास्थ्य कार्यालय प्रमुख दुर्गा बजगाईले खोप सेवा स्थानीय तहमार्फत सबैसम्म पु-याउने प्रयासलाई उदाहरणीय भनेकी छन्। नगर प्रमुख कृष्णप्रसाद सापकोटाले पूर्णखोप कार्यक्रमलाई निरन्तरता दिँदै सबै बालबालिकासम्म सुरक्षित खोप सेवा पु-याउने लक्ष्यमा नगरपालिका प्रतिबद्ध रहेको बताए। साथै, उनले स्वास्थ्यकर्मी, संस्था, स्वयंसेवक र अन्य सरोकारवालाको सक्रियताको लागि आभार व्यक्त गरे। यो घोषणा कार्यक्रम चौतारा साँगाचोकगढी नगरपालिकाको जनस्वास्थ्य इतिहासमा ऐतिहासिक उपलब्धिको रुपमा दर्ज भएको छ। यसले स्थानीय नेतृत्व, समुदाय सहभागिता र संस्थागत समन्वयको उत्कृष्ट नमूना प्रस्तुत गरेको छ। कार्यक्रमको अन्त्यमा सहभागी सबैले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दै दिगो खोप सुनिश्चितताका लागि ऐक्यबद्धता जनाए।


सांस्कृतिक विविधताको सम्मान गरौं

सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं, सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं, भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं, सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं, समावेशी समाज निर्माण गरौं, विविधतामा एकताको भावना निर्माण गरौं ।
"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"

नेपाल सरकार
विज्ञापन वोर्ड

समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजालको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

बाह्रविसे नगरपालिका
नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# इन्द्रावतिपत्र

इन्द्रावति गाउँपालिकाको गतिवीधी समावेश

इन्द्रावतिपत्र अंक २४, २०८१ असार ९



**सार्वजनिक सूचना**

घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।

इन्द्रावति गाउँपालिका
कार्यालय, सिन्धुपाल्चोक


# ईन्द्रावतीमा आगामी बजेट र नीति निर्माणका लागि सुझाव संकलन




जनतापत्र, इन्द्रावति

ईन्द्रावती गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ को बजेट, नीति तथा कार्यक्रम निर्माणका लागि सुझाव संकलन गरेको छ। आज आयोजित कार्यक्रममा गाउँपालिकाले विभिन्न पक्षबाट प्राप्त सुझावहरु संकलन गरेको हो।

कार्यक्रमका प्रमुख अतिथि तथा गाउँपालिका अध्यक्ष झक्कनाथ नेपालले सुझावहरूको कार्यान्वयनमा जोड दिनुहुँदै संघ तथा प्रदेश सरकारको अनुदान कटौतीले बजेट सानो भइरहेको बताए। उनले साना र टुक्रिएका योजना घटाउने प्रतिबद्धता व्यक्त गर्दै कानुनी जटिलताका कारण योजनाहरु छिटो कार्यान्वयनमा नआउने समस्या रहेको जानकारी दिनुभयो। आन्तरिक स्रोत वृद्धिका लागि पनि पालिकाले काम गरिरहेको बताउनुभयो। आगामी वर्ष ३० लाख लिटर दुध उत्पादन गर्ने लक्ष्य राखिएको उहाँको भनाइ थियो। विशिष्ट अतिथि तथा पूर्व गाउँपालिका अध्यक्ष वंशलाल तामाङले स्थानीय तह प्रतिपक्षविहीन र दलविहीन संस्था भएकाले सहकार्यमा काम गर्नुपर्नेमा जोड दिनुभयो।

कर्मचारी मनोबल उच्च राख्नुपर्ने, युवा स्वरोजगारलाई प्राथमिकता दिनुपर्ने र जनताको दृष्टिकोणलाई महत्त्व दिनुपर्ने सुझाव दिनुभयो।

उहाँले शैक्षिक सुधारका लागि विद्यालय संख्या घटाउँदै प्राविधिक शिक्षामा जोड दिनुपर्ने पनि उल्लेख गर्नुभयो। नेकपा एमाले जिल्ला कमिटी उपसचिव शिवहरी सापकोटाले सबै दलहरु मिलेर काम गर्नुपर्ने, नीति तथा कार्यक्रम कार्यान्वयनमा सक्रिय हुनुपर्ने र व्यवसायीहरूलाई पालिकामा फर्काएर प्रोत्साहित गर्नुपर्ने सुझाव दिनुभयो। नेपाली काँग्रेस ईन्द्रावती गाउँपालिकाका सभापति जीवन कुमार थापामगरले नेतृत्व गर्नेले अभिभावकत्व सम्हाल्नुपर्ने, योजनाहरु समयमै कार्यान्वयन गर्नुपर्ने र वृद्ध नागरिकका लागि आवश्यक संरचना बनाउनुपर्नेमा जोड दिनुभयो। रोजगारी सिर्जना प्राथमिकतामा राख्नुपर्ने र पालिकाको उत्पादनलाई ब्रान्डिङ्ग गर्ने सुझाव दिनुभयो। नेकपा एमाले ईन्द्रावती गाउँ कमिटी अध्यक्ष डबले लामाले संघीय र प्रदेशको अनुदान कटौतीले पालिकाको बजेट सानो भएको बताउनुभयो। अघिल्ला अध्यक्षले सुरू गरेका कामहरु निरन्तरता पाएको र सबै दलको भूमिका आवश्यक रहेको उहाँको भनाइ थियो।

नेकपा माओवादी केन्द्र ईन्द्रावती गाउँपालिका अध्यक्ष देवेन्द्र दाहालले चार वर्षको नीति कार्यक्रमको समिक्षा गर्नुपर्ने र साझेदार संघसंस्थाहरूको कार्यसम्पादनको मूल्याङ्न गर्ने बेला आएको बताए। बजेट तथा योजनाहरूको पहल गर्ने पक्षलाई श्रेय दिनुपर्ने, विकासमा प्रतिशोध नगर्नुपर्ने र उद्योग धन्दा सञ्चालन प्रोत्साहन गर्ने साथै अवैध उद्योग बन्द गर्ने सुझाव दिनुभयो। उहाँले प्रत्येक टोलमा एम्बुलेन्स १२ महिना सञ्चालन गर्नुपर्ने र विद्यालय वरिपरि इन्टरनेट पहुँच सुनिश्चित गर्नुपर्ने सुझाउनु भयो। सुशासनयुक्त सरकारका लागि सबैलाई कर दायरामा ल्याउनु आवश्यक रहेको उहाँको भनाइ थियो।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका संगठन विभाग प्रमुख कृष्ण बानियाँ, राष्ट्रिय प्रजातन्त्र पार्टीका सचिव भुपेन्द्र बानियाँ, नेकपा एकीकृत समाजवादी जिल्ला उपाध्यक्ष ईश्वरी प्रसाद अधिकारी र पूर्व वडा अध्यक्ष विर बहादुर तामाङले सुझावहरु प्रस्तुत गर्नुभएको थियो। कार्यक्रम नीति तथा कार्यक्रम कार्यदलका संयोजक शशिनाथ आचार्यको अध्यक्षतामा सम्पन्न भयो।


## समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

इन्द्रावति गाउँपालिका
गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# विद्यार्थीहरूलाई शैक्षिक तथा स्वास्थ्य सामग्री वितरण




जनतापत्र, इन्द्रावति

इन्द्रावती गाउँपालिका-९ मा अवस्थित श्री जलेश्वरी आधारभूत विद्यालयमा शनिबार एक विशेष कार्यक्रमका बीच विद्यार्थीहरूलाई शैक्षिक तथा स्वास्थ्य सामग्री वितरण गरिएको छ।

पूर्व कानून तथा स्वास्थ्य मन्त्री शेर बहादुर तामाङको विशेष पहल र मार्गदर्शनमा किवानिज अफ हिमालय क्लब, काठमाडौंको आयोजनामा उक्त वितरण कार्यक्रम सम्पन्न भएको हो। विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई ट्र्याकसुट, झोला, शैक्षिक सामग्री तथा स्वास्थ्य सामग्री वितरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुनिल तामाङले जानकारी दिनुभयो। कार्यक्रममा प्रमुख अतिथि तामाङले किवानिज अफ हिमालय क्लबको सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएको यो प्रयासलाई उच्च मूल्याङ्कन गर्दै धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले ग्रामीण भेगका विद्यार्थीहरूका लागि यस्ता सामग्रीले अध्ययनप्रति उत्साह जगाउने विश्वास व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा इन्द्रावती गाउँपालिका-५ का सफल युवा व्यवसायी तथा क्लबका कोषाध्यक्ष बिमल तिमल्सिनाको विशेष सहयोग रहेको थियो। विद्यालय परिवारले अतिथि र सहयोगी संस्था प्रति आभार व्यक्त गर्दै यस्ता कार्यक्रम भविष्यमा पनि निरन्तर रहनुपर्ने अपेक्षा व्यक्त गरेको छ। कार्यक्रमको मूल सन्देश थियोः "शिक्षा जीवनको तयारी मात्र नभई, शिक्षा स्वयं जीवन हो।"


## विपद्को पूर्वतयारी गरौं

सम्भावित जोखिमको मूल्यांकन गरौं,
भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
: बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं
विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

नेपाल सरकार
विज्ञापन वोर्ड


# स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्ने

जनतापत्र, पाँचपोखरी

स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्नेमा नेकपा एमाले स्थायी कमिटी सदस्य तथा पूर्व कानूनमन्त्री शेरबहादुर तामाङले जोड दिनुभएको छ।

पाँचपोखरी थाङपाल गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सम्बन्धी सुझाव संकलन कार्यक्रमको प्रमुख अतिथिका रूपमा बिहीबार मन्तव्य दिँदै उहाँले स्थानीयस्तरमै उत्पादन भएका वस्तुहरूको प्रवर्द्धनमा सरकार र जनताले विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

पूर्वमन्त्री तामाङले पालिकामा उत्पादन हुने अर्गानिक कृषि उत्पादन, कोदोको रक्सी, स्थानीय दही-मोही, तर कारीजस्ता उपजहरूलाई प्राथमिकता दिनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले बजार मा पाइने ब्रान्डेड रक्सी, कोक, पेप्सी जस्ता आयातित पेय पदार्थको सट्टा स्थानीय विकल्पहरूको प्रयोग नै आत्मनिर्भरतातर्फको सही मार्ग भएको बताउनुभयो। यसै अवसर मा उहाँले मेलम्ची-भोताङ-फट्टे-बाँसखर्क-बरूवा सडकको स्तरोन्नतिको लागि मेलम्ची खानेपानी आयोजनामार्फत बिनियोजित बजेटलाई बहुवर्षीय ठेक्काबाट काम अघि बढाउने पहल गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। कार्यक्रम गाउँपालिका अध्यक्ष टासी लामाको अध्यक्षतामा सम्पन्न भएको थियो । नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयमा आ-आफ्नो सुझाव प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा सहभागी निर्मल बन्जार ाका अनुसार बहस र सुझावमार्फत आगामी वर्षको नीतिलाई जनमुखी बनाउने उद्देश्य रहेको बताइएको छ।

# सुरक्षित विश्व :

युक्रेनलाई दुई अर्ब डलर बराबरको सैनिक सहायता उपलब्ध गराउने वचन दिएकाले जेलेन्स्कीलाई टेवा मिलेको छ । क्यानडाको यस सदाशयताले रूसप्रतिको ट्रम्पको झुकाउबारे समूहमा पर्याप्त मतभेद रहेको अनुमान गर्न गाह्रो छैन । हो, तेस्रो दिनको बैठकमा ट्रम्प अनुपस्थित रहे पनि उनका भनाइहरु सम्मेलनस्थलमा निरन्तर चर्चामा रहे, र सम्मेलनको आखिरीमा निस्केका निष्कर्षमा समेत प्रतिध्वनित हुन भने छोडेनन् । हेरौं न, युक्रेनबारे सर्वसम्मत वक्तव्य आउन सकेन, इरानलाई आणविक हतियार बनाउन दिनु हुन्न भन्ने अमेरिकी अडान कायम रह्यो । इजरायलको आत्मरक्षाको अधिकारले महत्व पायो, अर्घेलो इरानकै मानियो । इरान-इजरायल संघर्षलाई विराम दिनुपर्ने भनिए तापनि यसमा अडचन गराउने कारक इरान नै हो भनियो । र, चालु युद्धले खनिज तेलको भण्डार रहेको भनिने मध्यपूर्वमा अस्थिरता देखाप-यो । आदि, इत्यादि । जलवायु परिवर्तन र व्यापार सहजीकरणसँग सम्बन्धित विषयहरु कार्यसूचीमै परेनन् भने पनि हुने भयो । ट्रम्पले अमेरिका भित्रिने मालवस्तु र सेवामा चर्को भन्सार दर तोकिदिनाले चीन, युरोपेली संघ, क्यानडासमेत धेरै देशहरु अमेरिकासँग 'व्यापार-युद्ध' मा छन् । तर ट्रम्प नै व्यापार मामिलामा बहस गर्न अनिच्छुक देखिए । नेपालजस्ता कैयन् देशहरूले संयुक्त राष्ट्रसंघको बडापत्रप्रतिको प्रतिबद्धतालाई आफ्नो परराष्ट्र नीतिको आधारशीला मान्दैआएका छन् । तर दुःखद कुरो, यसै विश्वसंस्था र विशेष गरेर सुरक्षा परिषद्लाई प्रभावशाली सदस्य-राष्ट्रहरूले विश्वमा तनाव कम गरी शान्ति र सुरक्षा कायम राख्न पहल गर्ने उपयुक्त मञ्चको रूपमा उपयोग गर्न यसपल्ट पनि चाहेनन् ।

इजरायल-इरान द्वन्द्वको सिलसिलामा सुरक्षा परिषद्का स्थायी सदस्य-राष्ट्रका कूटनीतिक प्रतिनिधिहरूले परिषद्को बैठक कक्षलाई बनिबनाउ भाषणको रटान लगाउने माध्यम मात्र बनाइरहे । बडापत्रको धारा ५१ लाई अघि सार्दै इजरायलको आत्मरक्षाको अधिकारप्रति समर्थन जनाउने प्रकृया जारी रहेको छ यद्यपि त्यस्तै समानप्रकारको अधिकार इरानलाई पनि प्राप्त नभएको होइन । बेला-बेलामा इरानका राजदूतले आफ्नो देशका बाध्यता र चुनौतीबारे विस्तृत बयान प्रस्तुत गर्न भने छोडेका छैनन् ।

र, सुरक्षा परिषद्मा चीन र रूसले इरानको जिकिरलाई ध्यानपूर्वक सुन्न थालेका छन् । मतभेदका यी झलक पछिका लागि संकेत हुन सक्छन् । इमान्दार प्रयत्न विश्वभर व्याप्त अनिश्चयको वातावरणलाई सङ्लो पार्न सातको समूहले कुनै तात्कालिक उपाय सुझाउन नसके तापनि क्यानडा बैठक बहुपक्षीय हिसाबले पूरै असान्दर्भिक भने हुन पाएन । किनभने यतिखेरका अन्तर्राष्ट्रिय चुनौतीबारे सरोकारवाला केही पक्षहरूमाझ घनीभूत बहस र समीक्षा नगरीकन धर पाएनन् । स्पष्टै छ, अमेरिकाको आड नपाई इजरायल आक्रामक भएकै छैन, अनि ट्रम्पको इशाराबेगर रूस पनि युक्रेनसँगको द्वन्द्व रोक्न तत्पर देखिँदैन । मुख्य कुरो, ट्रम्पलाई यस कार्यकालमा दिग्विजयी नेता भएर निस्कने महत्वाकांक्षाले गाँजेको छ । त्यसैले आगामी दिन, महिना र वर्षहरु सुस्थिरताका सूचक हुने अपेक्षा गर्न सकिँदैन । तत्कालका लागि भने आयोजक राष्ट्र क्यानडाका लागि मङ्गलबार सकिएको सम्मेलन द्विपक्षीय कोणबाट समेत लाभदायी भएको विश्लेषकहरूको भनाइ छ । श्यक छ भन्ने कार्नीको ठम्याइ हो । यस अवधारणालाई दिल्लीले पनि स्वागतयोग्य मानेको कुरा भारतीय सञ्चारमाध्यमहरूले प्रवाहित गरिरहेका छन् । (गोरखापत्रअनलाइनबाट)